आज मिति २०७८ साल ~~कार्तिक~~ मंसिर २९ गते बुधवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपसिलका महानुभावहरुको उपस्थितिमा ७६ औं नगर कार्यपालिकाको बैठक बसियो ।

**उपस्थिति**

| सि.नं | पद | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | प्रकाश अधिकारी | [signature] | |
| २ | उपप्रमुख | ज्ञानमाया डंगोल | [signature] | |
| ३ | प्रमुख प्रशासकीयअधिकृत/सचिव | प्रकाश आचार्य | [signature] | |
| ४ | वडा अध्यक्ष/न.का.स. | श्रीकृष्ण अधिकारी | [signature] | |
| ५ | वडा अध्यक्ष/न.का.स. | दिपकराज जोशी | | |
| ६ | वडा अध्यक्ष/न.का.स. | सिंहराज श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष/न.का.स. | धर्मेन्द्र श्रेष्ठ | [signature] | |
| ८ | वडा अध्यक्ष/न.का.स. | जगन्नाथ ढकाल | [signature] | |
| ९ | वडा अध्यक्ष/न.का.स. | महेश्वर के.सी. | | |
| १० | वडा अध्यक्ष/न.का.स. | नरोत्तम राना | [signature] | |
| ११ | वडा अध्यक्ष/न.का.स. | केशव बहादुर खत्री | | |
| १२ | वडा अध्यक्ष/न.का.स. | जोग प्रसाद नेपाल | [signature] | |
| १३ | वडा अध्यक्ष/न.का.स. | मधुसुदन पाण्डे | [signature] | |
| १४ | वडा अध्यक्ष/न.का.स. | उत्तम अधिकारी | | |
| १५ | नगर कार्यपालिका सदस्य | पार्वती अधिकारी | [signature] | |
| १६ | नगर कार्यपालिका सदस्य | कल्पना घिमिरे | | |
| १७ | नगर कार्यपालिका सदस्य | जगतमाया महर्जन | [signature] | |
| १८ | नगर कार्यपालिका सदस्य | उर्मिला बि.क. | [signature] | |
| १९ | नगर कार्यपालिका सदस्य | शोभा तामाङ | [signature] | |
| २० | नगर कार्यपालिका सदस्य | लिला भुजेल | [signature] | |
| २१ | नगर कार्यपालिका सदस्य | बच्चु बस्याल | [signature] | |
| २२ | नगर कार्यपालिका सदस्य | सन्जिव सुनुवार | | |

Scanned with CamScanner

निर्णयहरुः

१. नगरकार्यपालिकाको ७५ औं वैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको वारेमा छलफल तथा समिक्षा गरियो।

२. यस नगरपालिकाको दशौं नगरसभाको अधिवेशन मिति २०७८ पौष १६ गते शुक्रवार वस्ने निर्णय गरियो।

३. चालु आ.ब २०७८/७९ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वडा कार्यालयवाट पेश भए अनुसार यसै साथ संलग्न कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

४. टोखा नगरपालिका स्वास्थ्य शाखावाट पेश भएको **टोखा नगरपालिका स्वास्थ्य वीमा संयोजन समिति गठन तथा संचालन कार्यविधि,२०७८** लाई स्वीकृत गर्ने निर्णय गरियो।

५. टोखा नगरपालिकामा कार्यरत नगरप्रहरीको जाडो मौसमको लागि चुस्ता पोशाक ( क्यामप,ज्याकेट,चुस्ता सेट) नगरपालिका कार्यालयवाट छनौट भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो।

६. टोखा नगरपालिकाको गत आ.बहरुमा महालेखापरीक्षकको कार्यालयवाट भएको अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएका वेरुजुहरु फछर्यौटको लागि नगरसभामा पेश गर्न एवं लगत कट्टाको लागि महालेखापरीक्षकको कार्यालयमा पत्राचार गर्ने प्रयोजनको लगि आर्थिक शाखा प्रमुख अन्तरगत रही मिति २०७८ पौष १ गते देखि काम काज गर्ने गरी २०७९ आषाढ मसान्त सम्मको लागि श्री तुलाराम पुरीलाई सहायकस्तर पाँचौं सरहको शुरु पारिश्रमिक उपलव्ध गराउने गरी लेखापाल पदमा करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो।

७. यस कार्यालयमा उपचार खर्चको लागि १० नं. वडा कार्यालयको मिति २०७८-८-२४ को सिफारिस पत्र समेत समावेश गरी पेश गरेका वीर वहादुर वि.क लाई उपचारवापतको विल भर्पाई अनुसार उपचारकोषवाट रु १ लाख रकम उपलव्ध गराउने निर्णय गरियो।

८. तपसिल बमोजिमका व्यवसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

ङ. देवेन्द्र कन्स्ट्रक्सन प्रा.लि , टोखा-३

च. कुमारी गढी कन्स्ट्रक्सन

छ. कुम्भ बिल्डर्स प्रा.लि, टोखा -३

ज. गो.गंगा कन्स्ट्रक्स, टोखा न.पा

९. विविध निर्णयहरुः

१. टोखा न.पा वडा नं. २ र ३ का विद्यालयहरुमा नेपाल सरकारवाट स्वीकृत पाठ्यक्रम कक्षा १ देखि ८ सम्म रहेको मातृभाषा वा स्थानीय विषयका रुपमा रहेको स्थानीय पाठ्यक्रमको ५० प्रतिशत अंशमा नेपाल भाषाको पठन पाठ्नको लागि स्वीकृत दिने र हाललाई मान्यता प्राप्त अन्य निकायवाट तयार गरेका पठ्यपुस्तक लागू गर्ने र क्रमशः आफ्नै नगरपालिकावाट पाठ्यक्रम र पाठ्यपुस्तक विकास गर्दै लागू गर्न अनुमति दिने।

२. टोखा नगरपालिका तथा वडा कार्यालयहरुको लेटर्प्याडमा नेपाली भाषाका साथै रञ्जना लिपी समेत थप गरी कार्यान्वयन गर्ने।

Scanned with CamScanner

३. यस टोखा नगरपालिका वसोवास गर्ने स्थायी नगरवासीहरुलाई उपचारका क्रममा रेडक्रस,अस्पतालहरुवाट रगत लिनु पर्दा लाग्ने रगत संरक्षण शुल्क विल अनुसारको रकम नगरपालिका कार्यालयवाट उपलव्ध गराउने गरी प्रकृया अगाडी वढाउने।

४. टोखा नगरपालिकाको नक्सा शाखावाट पेश भएको नक्सापास तथा भवन निर्माण मापदण्डका सम्वन्धमा तपशिल वमोजिम गर्ने गरी स्वीकृत गर्ने।

क. टोखा नगरपालिकाको साविकको निर्णय अनुसार कायम गरिएको वाटोको चौडाई अनुसारको अधिकतम FAR र तल्ला सख्यामा FAR ले दिएको अवस्थामा वस्ती विकास , सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड,२०७२ को १३.७ च वमोजिमको Light Plane नछेकिएको अवस्थामा तोकिएको अधिकतम तल्ला संख्या भन्दा वढी वनाउन पाईने छ। उक्त वुदाँ अनुसार Light Plane को हिसाव गर्दा सडकको अर्को तर्फको Setback को गणना न्यूनतम Setback(Deadend) मा १ मी. र अरु सडकमा १.५ मी. अनुसार गरिनेछ। Light Plane अनुसारको तल्ला संख्या कायम भएको अवस्थामा सो को विवरण Evelation मा देखाउनु पर्नेछ।

ख. साविक गा.वि.सहरुको स्वीकृत नलिई वस्ती विकास,सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड,२०७२ जारी हुनु पूर्व मापदण्ड पालना नगरी निर्माण भएको भवनको हकमा वडा कार्यालयवाट एकिन गरी नगरपालिका गठन पूर्व निर्माण भएको भवन भनि सिफारिस प्राप्त भएमा सोहि वमोजिम अभिलेखिरकण गर्ने।

ग. भवन साँधको वडागत वाटोको नाम र चौडाई, वडाको सूचना टाँस र सर्जमिन वा सिफारिसमा कामय भई आए अनुसारको मानिने।

घ. नक्सा शाखामा पेश भएका फाईलमा हालको वाटोको चौडाई तथा जग्गाको लम्वाई/ चौडाई नियतवस फरक गरेको पाईएमा सम्वन्धित परामर्शदातालाई नै जिम्मेवार वनाउने गरी निजलाई प्रचलित कानुन वमोजिम कारवाहीको प्रकृया अगाडि वडाउने।

५. टोखा नगरपालिका वडा नं. २ मा रहेको चण्डेश्वरी मन्दिर एरियामा सार्वजनिक शौचालय निर्माणको लागि लागत अनुमान तयार गरी सो लागत अनुमान अनुसारको वजेट आगामी नगरसभावाट सुनिश्चितता गर्ने गरी लागत अनुमान अनुसारको कार्य प्रकृया अगाडी वढाउने निर्णय गरियो।

६. जिल्ला निर्वाचन कार्यालयवाट यस नगरपालिका क्षेत्रमा मिति २०७८ पौष ४ गते देखि फोटो सहितको मतदाता नामावली संकलन तथा अध्यावधिक कार्यको गर्नको लागि कार्यक्रम तालिका पठाएकोले उक्त तालिका अनुसार मतदाता नामावली संकलनको लागि वडा-वडामा टोली पठाउने व्यवस्था मिलाउनको लागि जिल्ला निर्वाचन कार्यालयलाई अनुरोध गरी पठाउने।

७. टोखा नगरपालिका ११ नं. वडा कार्यालयको कार्यालय भवन निर्माणको अन्तिम चरणमा पुगेको र उक्तको भवन निर्माणको ठेक्कामा कम्पाउण्ड वाल निर्माण नभएकोले हाल वडा कार्यालय भवनमा सेवा प्रवाहको लागि कार्यालय सर्न वालकम्पाउण्ड निर्माण सुरक्षाका कारणले समेत जरुरी भएकोले ११ नं. वडा कार्यालयको वडा भवन परिसरमा वालकम्पाउण्ड लगाउनको लागि लागत अनुमान अनुसारको वजेट आगामी नगरसभावाट सुनिश्चितता गर्ने गरी हाल लागत अनुमान अनुसारको कार्य प्रकृया अगाडि वढाउने।

Scanned with CamScanner

८. टोखा नगरपालिका कार्यालयवाट मिति २०७८ कार्तिक ३० गते जनप्रतिनिधि वहाल पश्चात हाल सम्म गरेका मुख्य मुख्य कार्यहरु समेटेर तयार गरिएको नगर स्मारिक,२०७८ विमोचन, नगरपालिकालाई विभिन्न कोणवाट सहयोग गर्ने सहयोगीदाताहरुलाई सम्मान तथा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरेकोमा सो कार्यक्रम संग सम्वन्धित खर्च ( फोटो फ्रेम निर्माण, सम्मान पत्र निर्माण, कार्यक्रम स्थलमा साउण्ड सिष्टम जडान, कार्यक्रम स्थल तथा आसपास डिजिटल वोर्ड जडान, कार्यक्रममा उपस्थित महानुभावहरुलाई चिया,खाजा,नास्ता खुवाएको खर्च आदि) कार्यक्रम खर्च शिर्षकवाट भुक्तानी गर्ने ।

९. वाँसवारी माध्यामिक विद्यालय बाँसवारी काठमाडौं मा अध्यायनरत ५० जना अनाथ बालबालिकाहरुका लागि विद्यालय पोशाक,शैक्षिक सामाग्री, र खाजा खर्चको व्यवस्थापन गर्न नगरपुरमख्ज्यूको तोक आदेशवाट हुने खर्चवाट सहायता रकम रु २ लाख उपलब्ध गराउने ।

Scanned with CamScanner